४५६

नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं आषाढ २३ गते ०१० साल [संख्या ४६

भाग २

अर्थमन्त्रालयको सूचना

सुना चाँदीको र ज्याहारात जडान भएको माल निकाशी गर्ने सवाल

उपरोक्त विषयमा देहायबमोजिमको सवाल २०१०।२।५ मा मुसदर भई आएकोले सूचना गरिएको छ। सोबमोजिम गर्नु गराउनुहोला।

(१) सुनाचाँदीको र ज्वाहारात जडान भएको मालमा देहायबमोजिम निकाशी महसूल लिने।

	कंरु	मोरु
सुन तोला १ के — —	१०	१२।५०
चाँदी तोला १०० के— —	१०	१२।५०

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.००

(२) हाम्रो एक जिल्लाबाट अर्को जिल्लामा लैजाने सुन चाँदीको र ज्वाहारात जडान भएको मालमा महसूल नलिने र देहायको नियमबमोजिम गर्नें :—

(क) निकाशी गर्ने जिल्लाका बजार भन्सार अड्डाले हालधनीको सरहदभित्रकै फलाना भन्सार बजार इलाकामा लाने भन्ने खुलाई कागज गराई दरबन्दीबमोजिमको महसूल धरौटी लिई सो कागतको १ प्रति नक्कलमा निस्सा लगाई सो र धरौटी रसोदसमेत लिमे दिने ।

(ख) सो माल लगिने जिल्लाका भन्सार बजारमा सो निस्सा लागेको कागज रसिद र सोबमोजिमको मालसमेत २ महिनाभित्र लगी जचाई निस्सा लिने दिने गर्नुपर्छ । अड्डाबाट निस्सा दिंदा हाकिम साक्षीको समेत सहिछाप गर्नु गराउनुपर्छ ।

(ग) सोबमोजिम जाँची निस्सा लगाई दिएको कागत धरौटी राखेको मितिले ६ महिनाभित्र धरौटी रहेको अड्डामा पेश गरी धरौटी राखेको रुपैयाँ फिर्ता लिने दिने गर्नुपर्छ ।

(घ) दफा (ख) मा लेखिएको म्यादभित्र जचाउन सकेको निस्सा ल्याउन नसकेकोमा र दफा (ग) बमोजिमको म्यादभित्र फिर्ता लिन नआएमा समेत धरौटी फिर्ता हुँदैन । धरौटी रहेको अड्डाले म्याद नाघ्नासाथ सदर स्याहामा आम्दानी बाँध्ने ।

(३) अवधिभित्र फर्काई ल्याउने गरी विदेशतर्फ लैजानेमा पनि दरबन्दीबमोजिम लाग्ने महसूल डबल धरौट लिई मात्र लान दिने । फर्काई ल्याउने अवधिका हकमा ६ महिनाभित्र जसले ल्याए पनि हुने । सो म्यादभित्र फर्काई ल्याएमा माल जाँची धरौटी फिर्ता खर्च लेखिदिने । सो म्यादभित्र फर्काई नल्याएमा धरौटी फिर्ता नदिई म्याद नाघ्नासाथ सदर स्याहा गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) सुनाचाँदीको र ज्वाहारात जडको माल गहना कसैलाई व्यापारी तवरले न भई निजायती तवरले विशेष कारण परी विदेश जान परेमा श्री ५ महाराजा धिराजबाट इजाजत बक्सेकोमा बाहेक अरुमा कारण खोली अर्थ (आय विभागमा दरखास्त दिने र उक्त विभागले मुनासीब बेमुनासिब ठहरा परामर्शदातृसभामा साधी लैजान पाउने इजाजत दिएमा दरबन्दीबमो जिम लाग्ने महसूल तिरी लैजान पाउँछ।

(५) सुन चाँदीको र त्यस्तोमा ज्वाहारात जडान भएको, जिउमा लगाई आएको एकसरो गहनासम्म र चाँदीको चलनको एकसरो भाँडा छाड्नेमा नय नियम भई नआएसम्म हाल भइरहेको बमोजिम मानिसको औकात हे भन्सारका तजवीजले छाडिदिने गर्ने।

(६) पुरानु टकको मोहर कम्पनी र सुना चाँदीको सील साफला टुका निकाश गर्न नदिने नयाँ मोहर (चिनो भएको २००५ सालको र त्यसपछिको नयाँ कम्पनी (गहिरी घेरा भएको १९४० सन्को र त्यसपछिको) न सुकी पचन्नी २००५ सालको र त्यसपछि) निकाशी गर्न दिने। था नपाई पुरानो मोहर कम्पनी पचन्नी सुकीहरू ल्याएमा जनही रु. ५० स कमिशन नलिई र सोभन्दा बढी ल्याएमा शयकडा १० कमिशन, वि भन्सार भन्सारको मौजदातबाट टहो गरी दिने।

(७) सुनाचाँदीको क्यूरियोको मालको हकमा २४। ७।०९ मा परामर्शदे सभाबाट निर्णय भै लेखी आइरहेबमोजिम गर्ने।

(८) (क) दफा २ को रीत नपुऱ्याई लगेको पकाउ भएमा बिगो जफ गरी बिगोबमोजिम दण्ड गर्ने।

(ख) दफा ३।४।५।६ को रीत नपुऱ्याई सुन चाँदी ज्वाहा विदेश लैजान लागेको पकाउ भएमा बनाहीं माल नि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारी गर्नेलाई सरह विगो जफत गरी बिगोबमोजिम दण्ड गरी ७ महिना कैदै गर्ने।

(९) यी नियमहरू खिलाप काम भएको पक्राउ गर्ने वा गराई दिने सरकारी कर्मचारी वा गैर्‍ह सरकारीलाई जफत भएको बिगो र ऊपर भएको जरिवाना शयकडा २० बीस कमिशन दिने।

(१०) मन्सार सुविधा पाएका व्यक्तिलाई र श्री ५ महाराजाधिराजबाट बिशेष इजाजत बक्सेका व्यक्तिहरूलाई यी नियमहरू लाग्दैन।

आज्ञाले—
हिमालयशमशेर
सेक्रेटरी—अर्थमन्त्रालय.

अर्थमन्त्रालयको
सूचना

भ्रमण तथा दैनिक भत्ताको सम्बन्धमा निम्न लेखिएबमोजिमको सवाल जारी गर्ने निर्णय भएको हुनाले सूचित गरिएको छ

भ्रमण तथा दैनिक भत्ताको
सवाल

(१) भ्रमण भत्ता, कुनै कर्मचारीलाई सरकारी नोकरीको निमित्त भ्रमण गर्दा, उसले गरेको वास्तविक खर्चको पूर्तिको निमित्त दिइएको हो। यो भत्ता लाभको एउटा साधन हुनु हुँदैन। यो एउटा मूल सिद्धान्त हो।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।